नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४ / 1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

चैत्र/वैशाख २०६९ (April 2012) वर्ष १६/अङ्क १८१

## ख्रीष्टमा- मरेको र फेरि बौरी उठेको जीवन

– पाष्टर रोबर्ट कार्थक

रोमी ४:२५ मा ख्रीष्ट येशू प्रभुको मृत्यु र पुनरुत्थानको बारेमा यसरी लेखिएको छ, 'उहाँ हाम्रा अपराधहरूका निम्ति मारिनुभयो र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो ।' ख्रीष्ट येशूलाई मरेकाहरूबाट जीवित नपारेसम्म हामीलाई परमेश्वरले धर्मी ठहराउन सक्नुहुने थिएन र उहाँको क्रूसको मृत्यु पनि अर्थहीन बन्नेथ्यो ।

१ कोरिन्थी १५:१४ मा पावल लेख्तछन्, 'यदि ख्रीष्ट मृतकबाट पुनर्जीवित पारिनुभएको होइन भनेता हाम्रो प्रचार व्यर्थ हुन्छ र तिमीहरूको विश्वास पनि व्यर्थ हुन्छ ।' १७ पदमा त उनी अझ जोड दिएर लेख्दछन्, 'ख्रीष्ट पुनर्जीवित पारिनुभएको होइन भने तिमीहरूको विश्वास व्यर्थ छ र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ ।' ख्रीष्ट मरेको मरेकै हुनुभएको भए, उहाँ मरेकाहरूबाट फेरि नबिउँताइनुभएको भए, उहाँको क्रूसको मृत्यु एउटा शहीदको मृत्यु जस्तो मात्र हुने थियो । उहाँलाई पुनर्जीवित पारेर नै परमेश्वरले उहाँको मृत्युलाई एउटा विजयी मुक्तिदाताको मृत्युमा परिवर्तन गरिदिनुभयो । उहाँको पुनरुत्थानद्वारा नै परमेश्वरले ख्रीष्टको पवित्र बलिदान ग्रहण गर्नुभएको कुरो प्रमाणित गर्नुभयो र हामीलाई धर्मी ठहराउनुभयो । यसैले ख्रीष्ट येशूको पुनरुत्थानद्वारा नै उहाँको क्रूसको मृत्यु अर्थपूर्ण बन्न गएको छ र यो कुरो हाम्रो मुक्तिको निम्ति पनि अत्यन्तै महत्त्वपूर्ण ठहरिएको छ ।

रोमी ५:१२ मा लेखिएको छ, 'एकजना मानिसद्वारा संसारमा पाप आयो र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो ।' यही एकजना मानिसको विषयमा त्यस अध्यायका अरू कति पदहरूले पनि यसरी भन्दछन् :–

१५ पद - 'एक जना मानिसको अपराधले गर्दा धेरै मरे'
१७ पद - 'एउटै मानिसको अपराधले गर्दा त्यस मानिसद्वारा मृत्युले राज्य गऱ्यो',
१८ पद - 'एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डका भागीदार बने,
१९ पद - 'एउटै मानिसको अनाज्ञाकारिताले धेरैजना पापी बनाइए ।'

त्यो एउटै मानिसचाहिँ आदम थियो । त्यही एकजनाले पाप गरेकोले सबै मानव-जातिमा नै यस्तो डरलाग्दो नराम्रो असर पर्न गयो । आदमको सबै सन्तान पापी भए, दोषी ठहरिए, श्रापित भए, मृत्यु-दण्डको योग्य गनिए । पहिलो आदमको अनाज्ञाकारिताको कारण पाप संसारमा आयो र पापबाट मृत्यु आयो, त्यसरी नै अन्तिम आदम ख्रीष्टको आज्ञाकारिताको कारण पाप-क्षमा आयो र त्यसको फलस्वरूप जीवन आयो । पहिलो आदममा हामी सबै मरेका थियौं, अन्तिम आदम ख्रीष्ट येशूमा विश्वास गरेर हामी विश्वासीहरू फेरि जीवित पारिएका छौं । येशू प्रभुलाई मुक्तिदाता र प्रभु गरी ग्रहण गरेर पाएको यो जीवन नै हाम्रो नयाँ जीवन हो ।

रोमी ५:१८-१९ ले पनि भन्दछ, "यसैले जसरी एउटै मानिसको अपराधले सबै मानिस दण्डका भागिदार बने, त्यसरी नै एउटै मानिसको धार्मिकताको कामले सबै मानिसलाई धर्मी ठहराउने जीवन ल्यायो । किनकि जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरैजना पापी ठहराइए, त्यसै गरी एकैजनाको आज्ञाकारिताद्वारा धेरैजना धार्मिक ठहराइनेछन् ।

ख्रीष्टिय जीवनचाहिँ मरेर फेरि बौरी उठेको जीवन हो । हामी आफ्ना अपराध र पापहरूद्वारा मरेका थियौं, परमेश्वरले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो । अब हामीहरू ख्रीष्टमा जीवित प्राणीहरू भएका छौं । हामीले उहाँमा नयाँ जीवन पाएका छौं । हामी पाप र अपराधको कारण एक समयमा मरेका भएता पनि ख्रीष्ट हाम्रो निम्ति पुनर्जीवित बन्नुभयो अनि हामी पनि उहाँसँगै पुनर्जीवित भएका छौं । (एफिसी २:१,५) धर्मशास्त्रले भन्दछ, हामीले अब आफैलाई 'जिउँदै-मरेको' त होइन तर 'मरेर फेरि जिउँदै' भएको ठान्नुपर्छ । रोमी ६:११ मा पावल भन्दछन्, "त्यसै गरी तिमीहरूले पनि आफू-आफूलाई पापको लेखि मरेका तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ ।" १ पत्रुस २:२४ मा पत्रुस पनि भन्दछन्, "हामी पापको लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो । उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ ।" येशू प्रभुको पछि आउन चाहने व्यक्तिले आफ्नो क्रूस बोकेर उहाँलाई पछ्याउनुपर्छ भनेर प्रभु आफैले भन्नुभएको छ (मत्ती १६:२४) । पावलले पनि गलाती २:२० मा लेख्छन्, 'म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु तैपनि म जिउँछु । त्यसो भएता पनि मता होइन तर ख्रीष्ट ममा जिउनुहुन्छ ।' रोमी ६:५ अनुसार ख्रीष्टको मृत्युमा हामी उहाँसँग एउटै भएको हुनाले उहाँको पुनरुत्थानमा पनि उहाँसँग एउटै हुनेछौं भन्ने कुरो निश्चय छ । ८ पदमा पावल लेख्छन्, 'यदि हामी ख्रीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने पनि छौं भन्ने विश्वास गर्दछौं ।'

२ कोरिन्थी ५:१४ मा लेखिएको छ, "...किनभने हामीलाई यो निश्चय छ कि सबैको निम्ति एकजना मर्नुभएको हुनाले सबै मरे ।" ख्रीष्ट येशू हामी सबैको निम्ति, हाम्रो सट्टामा, हाम्रो बदलीमा, हाम्रो ठाउँमा हाम्रो प्रतिनिधि भई मर्नुभएको हुनाले हामी पनि उहाँसँगै मरेको बराबर भयो । अब हामीले फेरि हाम्रो प्रतिनिधिले मरिदिएको मृत्यु मर्नु पर्दैन ।

२ कोरिन्थी ५:१५ ले भन्दछ, 'उहाँ सबैका निम्ति मर्नुभयो ताकि बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन तर उहाँको निम्ति बाँचून् जो तिनीहरूका खातिर मर्नुभयो र फेरि जीवित पारी उठाइनुभयो । ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो । अब हामी उहाँमा विश्वास गरेर बाँच्नेहरू उहाँको निम्ति बाँच्नुपर्छ । २० पदले भन्दछ, 'हामी ख्रीष्टका राजदूतहरू हौं ।' आफ्नो राज्य छाडेर राजा स्वयं जान नसक्ने अर्को राज्यमा राजाको प्रतिनिधिको रूपमा राजाको सट्टामा गएर बस्ने व्यक्ति राजदूत कहलाइन्छ । मृत्यु-दण्ड पाएका मानिसहरूलाई बचाउनलाई तिनीहरूको प्रतिनिधि भई क्रूसमा मर्नुहुने ख्रीष्ट येशू प्रभु अब हामीलाई उहाँका राजदूतको रूपमा उहाँको प्रतिनिधित्व गर्दै उहाँको सट्टामा यस संसारमा जिउन लाउन चाहनुहुन्छ ।

उहाँले हाम्रो मृत्यु मर्नुभयो, अब हामीले उहाँको जीवन जिउनुपर्छ । जसरी राजाका राजदूत भई राजाको प्रतिनिधित्व गर्ने राजदूतले आफैलाई मनपर्ने आफ्नै इच्छानुसारको जीवन जिउन पाउँदैन, त्यसरी हामी ख्रीष्टका राजदूतहरूले पनि हामी आफैले चाहे जस्तै आफ्नै खुशी खुशी जिउन मिल्दैन । ख्रीष्ट प्रभुका राजदूत भई उहाँको नाउँमा बदनामी ल्याउने जीवन हामी जिउन पाउँदैनौं । त्यसो गरेमा हामी अयोग्य ठहरिनेछौं र राजदूतको पद हामीबाट खोसिनेछ ।

पापको लेखि मरेको तथा धार्मिकताको लेखि जिएको यो जीवन हामी आफैले आफ्नो कोशिषद्वारा जिउन सक्तैनौं । यसैले गलाती २:२० मा पावल भन्दछन्, 'म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, तै पनि म जिउँछु । त्यसो भएता पनि म ता होइन तर ख्रीष्ट ममा जिउनुहुन्छ, र जुन जीवनमा अहिले म शरीरमा जिउँछु परमेश्वरको पुत्रको विश्वासमा जिउँछु, जसलेमलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफैलाई समर्पण गर्नुभयो ।'

पवित्र आत्माद्वारा नै ख्रीष्ट येशू हामीमा यो जीवन जिउनुहुन्छ । रोमी ८:११ मा पावल भन्दछन्, 'यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरूमा बास गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा बास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनु हुनेछ ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | |
|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा |
| **वैशाख २ गते अप्रिल १४ ता.** | पाष्टर रोबर्ट कार्थक<br>पाष्टर सामुएल कार्थक | श्रीमती<br>रश्मिला तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>दिल थापा | पाष्टर<br>दफ्तन सादा | श्री<br>सैंदिप तामाङ्ग |
| **वैशाख ९ गते अप्रिल २१ ता.** | एल्डर<br>दिनेश न्यौपाने | पाष्टर<br>अशोक मुखिया | डीकन<br>सुरेश पुरकोटी | श्री दानिएल घले<br>(बसन्त सम्मेलन) | एल्डर<br>रूबेन श्रेष्ठ | **संयुक्त सेवा**<br>**ललितपुर चर्च** |
| **वैशाख १६ गते अप्रिल २८ ता.** | एल्डर<br>सामुएल क्षेत्री | श्री<br>सिद्धि खालिङ | एल्डर<br>पूर्ण सुनुवार | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | पाष्टर<br>रोल्याण्ड रोंगोंग |
| **वैशाख २३ गते मे ५ ता.** | पाष्टर सामुएल कार्थक<br>पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा – ज्ञानेश्वर चर्च** | | पाष्टर राजेन्द्र रोंगोंग<br>पाष्टर बि.बि. खवास | श्री<br>सिमोन भण्डारी | डीकन<br>नवराज के.सी. |

## जानकारी

१. फागुन २५ गते/मार्च ८ ता. बिहीबार नेइम नगरकोट मण्डलीमा ५ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

२. चैत्र १० गते/मार्च २३ ता. शुक्रबार नेइम जोरपाटी मण्डलीमा २३ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

३. चैत्र १७ गते/मार्च ३० ता. शुक्रबार गोंगबूँ मण्डलीको ४०, रानीपौवाको ९, रातोमाटेको ८, साहुगाउँको २ र रसुवाको २ जना गरी ६१ जनाले पानीको बप्तिस्मा लिनुभयो ।

४. चैत्र १८ गते/मार्च ३१ ता. शनिबार आदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबाबाट मकवानपुर, ठूलो दमार बेथेल मण्डली भवन अर्पण गरियो ।

५. चैत्र १८ गते/मार्च ३१ ता. शनिबार पाष्टर एल.पी.न्यौपानेले साहुगाउँ मण्डलीको श्री धन बहादुर तामाङ्गलाई एल्डर, श्री राम बहादुर श्रेष्ठ, श्री हनोक तामाङ्ग, श्री कर्ण बहादुर तामाङ्गलाई डीकन, श्रीमती माया तामाङ्ग, श्रीमती आशा तामाङ्गलाई डीकनेस् अभिषेक गर्नुभयो साथै लम्जुङ्ग संगतिको सदस्य श्री पूर्ण बहादुर गुरूङ्ग र श्री दूत राज गुरूङ्गले पोखरा बाइबल स्कूलबाट २ महिने अगुवा तालिम पूरा गर्नुभयो ।

६. चैत्र १८ गते/मार्च ३१ ता. शनिबार साहुगाउँ मण्डलीमा ४१ जना विश्वासीहरूको समर्पण भयो ।

७. चैत्र २४ गते/अप्रिल ६ ता. शुक्रबार नेइम ललितपुर मण्डलीको ३ जना, गुरुजुधाराको ४ र धादिङ्ग तारनलाङको २ जना गरी ९ जनाले पानीको बप्तिस्मा लिनुभयो ।

## अप्रिल महिनाको कार्यक्रम

१. चैत्र २६ गते/अप्रिल ८ ता. आइतबार बिहान ६:०० बजे सूर्योदय सेवा आ-आफ्नै मण्डली

२. वैशाख १ गते/अप्रिल १३ ता. शुक्रबार बिहान १०:०० बजे महिला उपवास प्रार्थना (नववर्ष २०६९) आ-आफ्नै मण्डली

३. वैशाख ११ गते/अप्रिल २३ ता. सोमबार १०:००-३:३० बजे नेइम पुरुष अगुवा तालिम ज्ञानेश्वर मण्डली

## जानकारी



पेप्सीकोला बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य नन्द कुमारी राई ६४ वर्षको उमेरमा चैत्र १९ गते/अप्रिल १ ता. आइतबार प्रभुमा सुत्नुभयो ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, १०:०० र १२:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान ८:०० बजे र ११:०० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,<br>जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल र साहुगाउँ |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (**बिहान ७:३०, १०:०० र १२:३० बजे**) |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, सुन्दरीजल, चाँगु |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | **आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू** | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, मीनभवन, कपन — बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, गोंगबूँ, पनौती सिर्जनानगर |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी मनहरा पुल (पेप्सीकोला) |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, ताहाचल |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, कालीमाटी, कमलाक्षी, गाम्छा, सुन्दरीजल र ताहाचल — दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|
| **वैशाख २ गते अप्रिल १४ ता.** | पाष्टर एल.पी.न्यौपाने | एल्डर जमान तामाङ्ग | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | **संयुक्त सेवा** पाष्टर रोबर्ट कार्थक | श्री कुमार सेन्चुरी | श्री धन बहादुर तामाङ्ग |
| **वैशाख ९ गते अप्रिल २१ ता.** | पाष्टर रोबर्ट कार्थक | एल्डर पासाङ्ग डेविड शेर्पा | **संयुक्त सेवा-जोरपाटी चर्च** | | पाष्टर राजेन्द्र कुमार रोंगोंग | श्री कुमार सेन्चुरी | श्री धन बहादुर तामाङ्ग |
| **वैशाख १६ गते अप्रिल २८ ता.** | पाष्टर महेश थाँजु | श्री कृष्ण श्रेष्ठ | एल्डर पासाङ्ग डेविड शेर्पा | एल्डर गोपी राई | पाष्टर महेश थाँजु | डीकनेस् निर्मला ढुङ्गेल | श्री मीन बहादुर तामाङ्ग |
| **वैशाख २३ गते मे ५ ता.** | रेभ. जोनाथन माराज | एल्डर जमान तामाङ्ग | श्री लाक्पा लामा | एल्डर पासाङ्ग डेविड शेर्पा | पाष्टर बर्णबास श्रेष्ठ | **संयुक्त सेवा गोंगबूँ चर्च** | श्री धन बहादुर तामाङ्ग |

## नव दम्पत्तिलाई हार्दिक बधाई

फागुन ३० गते/मार्च १३ ता. सोमबार नेइम जुम्ला शाखा मण्डलीको सदस्य श्री लक्ष्मण नेपाली र क्वाइनोनिया मच्छेगाउँ मण्डलीको सदस्या सुश्री सम्झना रोक्काको क्वाइनोनिया मच्छेगाउँ मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती लक्ष्मण/सम्झना नेपालीलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



चैत्र ५ गते/मार्च १८ ता. आइतबार नेइम ललितपुर मण्डलीको सदस्य श्री आन्यात एरिक रोंगोंग र सुश्री प्रतिज्ञा खालिडको नेइम ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती आन्यात एरिक/प्रतिज्ञा रोंगोंग लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्तगर्दछौं ।

## नेइम मिशन विभागको गतिविधी र प्रार्थनाका विषयहरू

नेपाल र नेपाली जातिहरूको बीचमा सुसमाचार प्रचार र मण्डली स्थापनाको काम हुनको लागि स्थानीय मण्डलीहरू तथा मिशनेरीहरू सशक्त, सबल र तालिम प्राप्त हुन जरुरी छ। यदि विभिन्न जिल्लामा रहेका स्थानीय मण्डलीहरू आफैमा सबल सक्षम अनि मिशनको काममा जागरुक भए भने केही वर्ष भित्र नै नेपालभरीका मानिसहरूले ख्रीष्टलाई चिन्नेछन् र ती ठाउँहरूमा मण्डलीहरू स्थापना हुनेछन् । अहिलेको समयलाई विचार गर्दा स्थानीय मण्डलीका अगुवाहरूलाई सशक्त र सबल बनाउने कार्यनीति नै सबै भन्दा उपयुक्त मानिन्छ । यसैकारण नेइम मिशन विभागले यो वर्ष शाखा-आबद्ध मण्डलीहरूलाई तथा मिशनेरीहरूलाई तालिम, शिक्षा र उत्साह प्रदान गरी सशक्त बनाउने योजना लिएको छ ।

यसै अनुरुप यसै वर्षको मे महिनामा काठमाडौंमा शाखा-आबद्ध मण्डलीका मुख्य क्षेत्रिय अगुवाहरू तथा मिशनेरीलाई काठमाडौंमा बोलाई विशेष तालिम प्रदान गरिनेछ । यो विशेष तालिममा पास्टरीय सेवकाइ र दर्शनसम्बन्धी विषयवस्तुमा छलफल गरिनेछ । यस वर्ष भरी नै शाखा-आबद्ध मण्डलीका मुख्य केन्द्रहरूमा क्षेत्रिय मण्डली व्यवस्थापन तथा अगुवा सशक्तिकरण तालिम तथा कार्यशाला गरिनेछ। यो क्षेत्रिय तालिममा बाल संगति शिक्षक-शिक्षिका, स्तुति प्रशंसा झुण्ड लगायतका अन्य संगतिहरू सम्बन्धी कार्यशाला पनि गरिनेछ। यो वर्ष दाङ्ग, जुम्ला, धनगढी, मकवानपुरको भाल्टार तथा हेटौंडा, सिन्धुली, सिन्धुपाल्चोक, मोरङ्ग, दोलखा, नुवाकोट, सर्लाही, डोल्पा र धादिङ्ग गरी जम्मा १३ वटा क्षेत्रिय केन्द्रहरूमा यो तालिम गर्ने लक्ष्य रहेको छ । जसमा ७७ वटा मण्डलीहरूका विभिन्न क्षेत्रमा सेवकाइ पुऱ्याउने ३०० जना भन्दा बढी अगुवाहरू सहभागी हुनुहुनेछ। प्रत्येक मण्डलीमा रहेका विभिन्न क्षेत्रमा सेवकाइ गर्ने हरेक अगुवाहरूलाई सशक्त र सबल बनाउन मण्डली स्तरमा आधारभूत बाइबलिय शिक्षासम्बन्धी तालिम दिने योजना गरिएको छ । जसअनुरुप यस वर्ष नेइमका करीब ५६ वटा मण्डलीहरूलाई यस किसिमको तालिम दिने लक्ष्य रहेको छ। जसमा करीब ५०० जना अगुवाहरूलाई तालिम प्रदान गर्न सकिने अनुमान गरिएको छ । यसवर्षका अरू थप कार्यक्रमहरूमा शाखा-आबद्ध र मिशनेरी मण्डलीका विश्वासीहरूलाई स्थानीय स्तरमा भेटघाट गर्न र त्यहाँ वरिपरि रहेका मानिसहरूलाई सुसमाचार प्रचार गर्न मिशन टोलीहरू पठाउने योजना रहेको छ ।

यसबाहेक मिशन विभागले सम्पादन गर्दै आइरहेका नियमित कार्यहरू जारी नै रहनेछन् । हाल विभागले शाखा-आबद्ध मण्डलीहरूलाई तालिम, शिक्षा, शैक्षिक सामाग्रीहरूको साथै मिशनेरीहरूको लागि मासिक आर्थिक सहायता, शाखा-आबद्ध मण्डलीको भवन निर्माणको लागि छानाको निम्ति सहयोग तथा अन्य आर्थिक सहायता पनि गराउँदै आएको छ। नियमित अनुगमन, भेटघाट तथा उत्साहको काम जारी नै रहेको छ। हाल क्षेत्रिय रुपमा कार्यरत कतिपय मुख्य अगुवाहरूलाई आर्थिक तथा अन्य सहायताहरू प्रदान गरिएको छ। हाल भारतका विभिन्न शहरमा चार परिवार र बेलायतमा एक परिवार गरी पाँच परिवार मिशनेरीहरू सेवारत हुनुहुन्छ। यसै वर्षदेखि मलेशिया तथा मध्यपूर्व र यूरोपमा समेत त्यहाँका स्थानीय मण्डलीहरूसँग सहकार्य गरी मिशनको काम फैलाउने योजना गरिएको छ। यसै अनुरुप यसवर्षको अगस्त महिनामा पा. डा. राजेन्द्र कुमार रोंगोंग मलेशिया जाने कार्यक्रम तय गरिएको छ । यसरी नेइमको मिशनको कामलाई अगाडि बढाउन अन्तर्राष्ट्रिय, केन्द्रिय, क्षेत्रिय र स्थानीय तवरमा विभिन्न कार्यक्रमहरू गर्ने योजना तयार गरिएको छ र सोही अनुरुप कार्यहरू भइरहेको छ ।

यसर्थ मण्डलीको मिशनको कामको निम्ति तथा तय गरिएका यी सबै कार्यक्रमहरूको लागि प्रार्थना गर्नको लागि मिशन विभाग सबै नेइमका मण्डलीहरूलाई आग्रह गर्दछ ।

## शुभकामना

**ख्रीष्ट येशू प्रभुको पुनरूत्थान (Easter) तथा नव वर्ष २०६९ सालको सुखद अवसरमा सम्पूर्ण मण्डली परिवारमा हार्दिक शुभ-कामना व्यक्त गर्दछौं ।**

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | सबै विश्वासीहरूले परमेश्वरबाट पाएको सित्तैंको मुक्ति र उद्धारको सुसमाचार सुनाउन सकून् ।<br>**१ कोरिन्थी ९:१६-१८** | देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>**एफिसी ५:१-२** | शाखा/आबद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैं हेरचाह गर्न सकून् ।<br>**प्रेरित ११:२४** | सबै मानिसहरूले उद्धार पाऊन् भनी प्रार्थना गर्दै सुसमाचार प्रचारको काममा मण्डली अझ लागिपर्न सकून् ।<br>**१ तिमोथी २:१-५** |
| **सोमबार**<br>**Monday** | प्रत्येक विश्वासीहरू व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने सामूहिक प्रार्थनामो मूल्य चुकाउन सकून ।<br>**यशैया ६२:६** | आफूले पाएका विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम नम्रतामा चलाउन सकून् ।<br>**रोमी १२:६-८** | मण्डलीका सबै विश्वासीहरू एक अर्कालाई आफूभन्दा श्रेष्ठ ठानी ख्रीष्टको प्रेममा जिउनेहरू हुँदै जान सकून् ।<br>**१ कोरिन्थी १३:४-७, रोमी ५:५** | हामी आफ्नो लागि र आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना गर्ने, सहायता गर्ने र उत्साह दिनेहरू हुन सकौं ।<br>**रोमी १४:१८-१९, १५:१-३** |
| **मंगलबार**<br>**Tuesday** | नेइमका पूर्णकालिन सेवक/सेविकाहरूले आ-आफ्नो सेवकाइमा पवित्र आत्माको शक्ति, अगुवाइ र उत्साह पाउन सकून ।<br>**रोमी १२:११** | मण्डलीले आत्मिकी सेवामा पवित्र आत्माबाट पाएको स्वतन्त्रता, चंगाई, छुट्कारा, बल, साहस, शान्तिको कारण परमेश्वरलाई अझ प्रेम गर्नेहरू हुन सकून् ।<br>**भजनसंग्रह ३०:११-१२** | नेइमबाट मिशनेरी भएर जानुभएकाहरू आ-आफ्नो बोलावटप्रति इमान्दार र विश्वासयोग्य भइरहन सकून् ।<br>**भजनसंग्रह ३२:८** | मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>**२ तिमोथी ३:१४-१५** |
| **बुधबार**<br>**Wednesday** | घरेलु संगतिका सबै अगुवाहरूले आ-आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, हेरचाह गर्न साथै परिपक्व बनाउन सकून् ।<br>**१ पत्रुस ५:२-४** | संसारमा विजयी भई जिउनको लागि विश्वासीहरूको जीवनमा स्तुति प्रशंसा, प्रार्थना, वचन पढाई अझै बढेर गएको होस् ।<br>**एफिसी ६:१०-१८** | परमेश्वरबाटको सबै प्रतिज्ञाहरू मण्डलीले विश्वाससाथ आफ्नो बनाई प्रशस्त आशिषमा जिउन सकून् ।<br>**गन्ती २३:१९, २ कोरिन्थी १:२०** | हामी परमेश्वरका छोराछोरीहरू दशांश साथै अन्य भेटीहरू प्रभुको भण्डारमा ल्याउन सधैं इमान्दारी भइरहन सकौं ।<br>**२ कोरिन्थी ८:१-५, ९:७ र ११** |
| **बिहीबार**<br>**Thursday** | भोलि हुने उपवास प्रार्थना सभामा चढाइने प्रार्थनाद्वारा व्यक्ति, परिवार, मण्डली र देशले धेरै आशिष पाउन सकून् ।<br>**मत्ती ७:७-११** | बाबु आमाहरू प्रभुको प्रेममा रही आफ्ना छोराछोरीहरूलाई परमेश्वरको शिक्षा र अनुशासनमा हुर्काउन सकून् ।<br>**भजनसंग्रह १०३:१७-१८** | मण्डलीका सबै जवानहरू संसारसँग एकै चालको नभई सधैं होशियारसाथ जीवन जिउनका लागि प्रभुसँग अनुग्रह मागिदिऔं ।<br>**१ पत्रुस १:१३-१६** | सबै बाल बालिकाहरू आमा-बाबुको आदर गर्ने र आज्ञाकारी हुँदै जान पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>**एफिसी ६:१-२** |
| **शुक्रबार**<br>**Friday** | आराधना सेवामा सबैजना आत्मा, प्राण र शरीरको तयारीमा आउन सकून् ।<br>**भजनसंग्रह ६५:४** | भोलि देशभरि हुने आराधना सेवाहरूमा प्रचारिएको वचनद्वारा सय, साठी, तीस गुणा फल फल्न सकोस् ।<br>**मत्ती १३:१-८** | आराधना सेवामा वचनको सेवकाइ, स्तुति प्रशंसामा अगुवाइ गर्नुहुने र सहायता गर्नुहुने झुण्डको साथै सञ्चालन गर्ने र सुसमाचार सुनाउनुहुनेहरूको लागि प्रार्थना गरिदिऔं ।<br>**मत्ती १४:१३-२१** | मण्डलीका सबै विश्वासीहरू वचन सुन्ने मात्र होइन तर सुनेर आज्ञा पालन गर्नेहरू पनि हुन सकून् ।<br>**व्यवस्था ३१:११-१२** |
| **शनिबार**<br>**Saturday** | स्कूल, क्याम्पस, उच्च शिक्षा तथा विभिन्न तालिम लिइ राख्नुभएकाहरूले आफ्नो सारा भरोसा परमेश्वरमा राखी मेहनत गर्नेहरू पनि हुन सकून् ।<br>**हितोपदेश ३:१-६** | झूटा शिक्षाको आत्मालाई चिन्ने ज्ञान मण्डलीका सबैलाई पवित्र आत्माले दिनुभएको होस् ।<br>**२ यूहन्ना ७-१०** | मण्डलीमा विभिन्न क्षेत्रहरूमा सेवकाइ गर्नको लागि प्रभुले नै अझै धेरै सेवक/सेविकाहरू दिनुभएको होस् भनी प्रार्थना गरौं ।<br>**मत्ती ९:३६-३८** | नेइमका सबै विभागमा हुनुभएकाहरूको लागि परमेश्वरबाटको ठीक निर्देशन र अगुवाई मागिदिऔं ।<br>**यर्मिया ३३:३** |

**जसो लेखिएको छ, "धर्मी कोही छैन, एक जना पनि छैन ।" किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् ।**
रोमी ३:१० र २३

**तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो ।**
रोमी ५:८

**किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।**
रोमी ६:२३

**उहाँ हाम्रा अपराधहरूका निम्ति मारिनुभयो र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो ।**
रोमी ४:२५